**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समयसमयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शीरूपमा काम कारबाईको सम्पादन
- सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ १२ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 29 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११

## वीरगंज नाकाबाट सबैखाले इन्धनको आयात घट्दै

प्रस, वीरगंज, ११ भदौ/

इन्धन आयात हुने मुलुककै प्रमुख नाका वीरगंजबाट गत आर्थिक वर्षमा सबैखाले इन्धनको आयात घटेको छ । डिजेल, पेट्रोल, हवाई इन्धन र एलपी ग्याँस तथा कोइलालगायतका इन्धनहरूको आयात अघिल्लो आर्थिक वर्षको तुलनामा घटेको तथ्याङ्कले देखाएको छ ।



तस्वीरः प्रतीक

वीरगंज भन्सार कार्यालयको तथ्याङ्क अनुसार गत आवमा यो नाका हुँदै ३७ प्रकारका इन्धन आयात भएका छन् । तीमध्ये अधिकांशका आयात घटेको छ। इन्धनबाट सङ्कलन हुने राजस्वले गत वर्ष यो भन्सारले सङ्कलन गरेको कुल राजस्वमा करीब ४८ प्रतिशत योगदान गरेको थियो ।

आव २०७८/७९ मा यो नाका हुँदै रु एक खर्ब २४ अर्ब बराबरको १३ लाख २२ हजार किलोलिटर डिजेल आयात भएको थियो। गत आव २०७९/८० मा भने यो नाका हुँदै रु एक खर्ब १२ अर्ब बराबरको १० लाख ३० हजार किलोलिटर डिजेल आयात भएको थियो । तुलनात्मकरूपमा डिजेलको आयातमा करीब २२ प्रतिशतले कमी आएको छ ।

त्यसैगरी, आव २०७८/७९ मा यो नाका हुँदै रु ३७ अर्ब ९९ करोड बराबरको तीन लाख ९० हजार किलोलिटर पेट्रोल आयात भएको थियो भने आव २०७९/८० मा रु ३५ अर्ब ६८ करोड बराबरको तीन लाख ६२ हजार किलोलिटर पेट्रोल आयात भएको थियो। तुलनात्मकरूपमा पेट्रोलको आयातमा करीब सात प्रतिशतले कमी आएको छ।



तस्वीरः प्रतीक

आव २०७८/७९ मा यो नाका हुँदै रु ३३ अर्ब २६ करोड बराबरको २६ करोड ९१ लाख किलो एलपी ग्याँस आयात भएकोमा आव २०७९/८० मा रु ३० अर्ब ३० करोड बराबरको २६ करोड ८२ लाख किलो एलपी ग्याँस आयात भएको थियो। तुलनात्मकरूपमा ग्याँसको आयातमा शून्य दशमलव ३३ प्रतिशतले कमी आएको छ ।

आव २०७८/७९ मा रु १२ अर्ब ८५ करोड बराबरको ३० लाख किलोलिटर हवाई इन्धन आयात भएकोमा आव २०७९/८० मा रु १५ अर्ब ४२ करोड बराबरको १२ लाख १७ हजार किलोलिटर हवाई इन्धन आयात भएको थियो । यसको आयातमा करीब ६० प्रतिशतले कमी आएको छ ।

त्यसैगरी, आव २०७८/७९ मा यो नाका हुँदै रु २० अर्ब ३२ करोड बराबरको ९७ करोड ८७ लाख किलो कोइला आयात भएकोमा आव २०७९/८० मा रु १३ अर्ब २० करोड बराबरको ५३ करोड ४९ लाख किलो कोइला आयात भएको थियो । कोइलाको आयात तुलनात्मकरूपमा करीब ४६ प्रतिशतले घटेको छ ।

वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतम समग्रमैं अर्थतन्त्र सङ्कटमा रहेकोले आव २०७८/७९ को तुलनामा आव २०७९/८० मा इन्धनको आयात घटेको बताउँछन् ।

इन्धनको आयात घट्दा स्वदेशी मुद्रा बाहिरिने क्रम पनि घट्छ, जुन देशको लागि सुखद हो, उनले भने, तर अघिल्ला वर्षहरूको प्रवृत्ति हेर्दा बर्सेनि इन्धनको आयात बढ्दो र त्यसमा बर्सेनि खर्बौं रुपैयाँ बाहिरिने क्रममा भने आर्थिक मन्दीकै कारणले भएपनि कमी आएको बताए । उनले इन्धनले चल्ने सवारीसाधनभन्दा विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रोत्साहित गर्न सके इन्धनको आयात अझै घट्दै जाने बताए ।

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवाल सर्वाधिक इन्धन आयात हुने नाकाबाट इन्धनकै आयात घट्नुमा जारी आर्थिक मन्दी नै मुख्य कारण हुन सक्ने बताउँछन्। आयात घटे पनि भन्सारले गत आवमा सङ्कलन गरेको कुल राजस्वमा इन्धनले करीब आधा योगदान गरेको उनले बताए।

## मिटरब्याजीविरुद्धको कारबाही झारा टार्ने काम

प्रस, वीरगंज, ११ भदौ/

जिल्ला प्रशासन कार्यालय, पर्साले मिटरब्याजीविरुद्धको कारबाही झारा टार्नका लागि मात्र गरेको र पीडितले



न्याय पाउनेभन्दा पनि पीडकहरूलाई कानूनी दायराबाट उम्काउने काम बढी भइरहेको आरोप लाग्दैछ ।

जिप्रका, पर्सामा मिटरब्याजीविरुद्धको कारबाहीका लागि हुने छलफल, वार्ताका क्रममा वास्तविक मिटरब्याजी पहिचान भएका व्यक्तिहरूलाई कानूनी कारबाहीबाट उम्काउने कार्य भएको पीडितहरूले आरोप लगाएका छन् । पीडितमध्येका एकजनाले निवेदन दिएको तीन महीना भयो तर यो अवधिमा एकपटक मात्र छलफल गरिएको र पुनः आउनु भन्ने शर्तनामा गराइ दुवै पक्षलाई छाडेकोमा अहिलेसम्म बोलाएर सोबारेमा छलफल नगरिएको आरोप लगाएका छन्। उनले आफूले पीडकलाई बोलाउन पटकपटक ताकेता गर्दै आएको तर पीडक भने घरमा नभएको भनी हाजिर नभएको गुनासो गरे । उनले प्रशासनमा शर्तनामा गरेर गएका व्यक्ति तीन महीनामा पनि हाजिर हुन नआएपछि सम्बन्धित प्रहरी चौकीमार्फत झिकाउनुपर्नेमा त्यस्तो केही नगरिएको आरोप लगाएका छन् ।

अर्की एकजना ५० वर्षीया महिलाले पनि आफू अहिलेसम्म न्याय पाउनबाट वञ्चित रहेको बताइन् । उनले ऋण लिएकै आधारमा घरबाट बेघर हुनुपरेको र सोबारेमा प्रशासनमा लिखित उजूरी दिंदा पनि अहिलेसम्म सुनवाइ नभएको आरोप लगाइन् । हिजो मात्र गृहमन्त्री नारायणकाजी श्रेष्ठले कसैको डर, धाक र धम्कीमा नपरी न्यायको पक्षमा काम गर्न कर्मचारीहरूलाई निर्देशन दिएका थिए। त्यसैगरी, उनले भौतिक संरचना राम्रो भएर मात्र नहुने सेवाग्राहीलाई छिटोछरितो, विनाझन्झट सेवाप्रवाह गर्न निर्देशित गरेका थिए । उनको निर्देशन यी घटनाहरूबाट पालना नभएको देखिन्छ।

पर्सामा मिटरब्याजी पीडकको पक्षमा ठूला राजनीतिक दलका नेताहरूको आर्शीवाद रहेको छ । जिप्रका, पर्साका एकजना कर्मचारीले पीडकको पक्षबाट ठूला नेताको सिफारिश आउने गरेको बताए । मिटरब्याजीविरुद्ध विधेयक ल्याएको सरकारले सो कार्यमा संलग्नहरूलाई कानूनी दायरामा ल्याउन निर्देशन दिंदै आएको छ। छलफल, वार्ता र मिलापत्रबाट मिटरब्याजीविरुद्धका समस्याहरू समाधान पनि भएका छन् । तर पनि धेरैजसो मुद्दामा भनसुन, सिफारिश र आर्थिक चलखेलले न्याय बन्धकमा परेका गुनासाहरू पनि आइरहेका छन् । न्याय पाउने आशामा अहिले जिल्ला प्रशासन कार्यालय, पर्सामा दैनिक धेरैजना सेवाग्राही धाउने गरेका छन्। घरबाट कार्यालय र कार्यालयबाट घर आउनेजाने क्रममा न्याय पाउन ढिला भएको उनीहरूको गुनासो छ। यही पारा हो भने कति धाउनु भन्ने विचारले मुद्दा नै त्यागेर बसूँ जस्तो भइसक्यो अर्का एकजना पीडितले बताए । कतिपय घटनाका दोषीहरूसँग प्रहरी दिनरात उठबस गर्ने हुनाले जिप्रकालाई भने नभेटिएको बेपत्ता रहेको रिपोर्ट पेश गर्ने गरिएको पीडितहरूले आरोप लगाएका छन् ।

## महिलाहरूलाई रोजगार प्रदान

नरेश यादव, पर्सागढी, ११ भदौ/

जीतपुरसिमरा उपमहानगरपालिका–७ का अध्यक्ष सुनीलकुमार गुप्ताले तालीम प्राप्त गरी घरमा बसेका २० जना महिलालाई रोजगारको वातावरण बनाइदिएका छन् ।

उनले वडा कार्यालय र लक्ष्मी प्राप्ति महिला विकास संस्थाको आयोजनामा एक महीने सिलाइकटाइ तालीम लिएर घरमा बसेका २० जना महिलाको लागि लेडिज टेलर सञ्चालनमा ल्याएका छन्।

सोमवार एक कार्यक्रमबीच उनले लेडिज टेलरको उद्घाटन गरे । सीप सिकेर घरमा बसेकाहरूलाई रोजगार प्राप्त होस् र तालीमको उपयोगिता देखियोस् भन्ने उद्देश्यले टेलर सञ्चालनमा ल्याएको बताए ।

गत वैशाख १५ देखि जेठ १५ गतेसम्म दुई चरणमा २० जना महिलालाई वडा कार्यालयले लक्ष्मी प्राप्ति महिला विकास संस्थामार्फत सिलाइकटाइको तालीम दिइएको थियो।

आजदेखि सञ्चालनमा आएको लेडिज टेलरका लागि वडाध्यक्ष गुप्ताले दुई थान सिलाइकटाइ मेशीन, दुई थान पङ्खा सहयोग गरेका छन् । उनले एक महीनाको सटरको भाडा पनि आफूले दिने घोषणा गरे ।



तस्वीरः प्रतीक

तालीम लिएका महिलाहरूले आआफ्नो सिलाइ मेशीन टेलरमा प्रयोग गरिरहेका छन् ।

तालीम लिएर घरमा बस्दा तालीमको उद्देश्य पूरा नहुने र महिला सशक्तीकरणमा टेवा पनि नपुग्ने दृष्टिगत गरी आफूले यो प्रयास गरेको वडाध्यक्ष गुप्ताले बताए ।

कार्यक्रममा वडा सदस्य नुरुल्लाह अन्सारी, अफताब आलम, लक्ष्मी प्राप्ति महिला विकास संस्थाकी अध्यक्ष रेखा चौधरी, सगरमाथा महिला सहकारी संस्थाकी अध्यक्ष सुशीला शर्मालगायतको सहभागिता थियो । कार्यक्रममा स्वागत मुनिकुमारी न्यौपाने र देवीकुमारी सापकोटाले गरेका थिए भने सहजीकरण वडासदस्य सीता उप्रेतीले गरेकी थिइन् ।

## मोटरसाइकलबाट लडेर वृद्धाको मृत्यु

प्रस, पोखरिया, ११ भदौ/

एकजना भारतीय किशोरीले चलाएको मोटरसाइकलमा सवार एकजना भारतीय वृद्धाको मोटरसाइकलबाट लडेर मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय, पोखरियाका अनुसार १६ वर्षीय भारतीय किशोरीले चलाएको मोटरसाइकलमा सवार ६० वर्षीया भारतीय वृद्धा सुदामा देवीको हिजो राति करीब ८ बजे पर्सा जिल्लाको विन्ध्यवासिनी गाउँपालिका–५ प्रसौनीस्थित सडकमा मोटरसाइकलबाट लडेर मृत्यु भएको हो ।

भारतीय नम्बरको मोटरसाइकलमा छिमेकी ६० वर्षीया सुदामा देवीलाई चढाएर १६ वर्षीया किशोरी लीलावतीकुमारी महतोले भारतको भेलाहीबाट पर्सा जिल्लाको प्रसौनी गाउँमा आफन्तलाई भेट्न लिएर आउँदै गरेको अवस्थामा मोटरसाइकल दुर्घटनामा परेको र गुड्दै गरेको मोटरसाइकलबाट लडेर घाइते भएकी सुदामा देवीको घटनास्थलमैं मृत्यु भएको प्रहरी निरीक्षक मोहन विक्रम केसीले बताए ।

किशोरी लीलावतीलाई प्रहरी नियन्त्रणमा राखिएको र शव शल्यपरीक्षणका लागि सोमवार नारायणी अस्पताल वीरगंजमा पठाइएको प्रनि केसीले बताए ।

**विचारसार र सुक्तिहरू**

**कलियुगको दुनियाँ हो, यहाँ त्यसको कदर हुँदैन, जसले सम्बन्ध निर्वाह गर्छ। कदर त्यसको हुन्छ, जो सबैभन्दा बढी आडम्बर गर्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# टुटफुटको पर्यायवाची

**नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले कम्युनिस्ट शक्तिबीच कार्यगत एकताको खाँचो औंल्याएका छन् । पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपालले अहिलेसम्मको राजनीतिक उपलब्धि रक्षाका लागि कम्युनिस्ट शक्तिबीच एकता हुनुपर्ने बताए । उनले राष्ट्रियता संरक्षण, जनअधिकारको सवालमा वामपन्थी दलमा विचलन आएको, पूँजीवादी चिन्तन पलाएको र संसद् अवरुद्ध गरेर एमालेले गलत चरित्र प्रदर्शन गरेको टिप्पणी गरे । सो पार्टीका सम्मानित नेता खनालले त दक्षिणपन्थी प्रभावमा अन्य कम्युनिस्ट पार्टीहरू फसेको ठोकुवा गरे । उनी प्रचण्ड नेतृत्वको नेकपा माओवादीलाई पनि बाटो बिराउँदै गएको आरोप लगाउँछन् । नेपालका कम्युनिस्ट पार्टीहरूलाई फुटका तस्बिर हेर्न यति भए पुग्छ । यता नेपाल र खनालले आफ्नो पार्टी मात्र ठीक, आफ्नो गुट ठीक र आफू मात्रै सही छु भन्ने सम्झन्छन् भने उता केपी ओली, सो दलका नेताहरू पनि त्यस्तै सम्झन्छन् । माओवादीको कुरा बेग्लै छ । जनयुद्धको भट्टीबाट आएको पार्टी, सत्ताको लगाम आफ्नो हातमा छ, सबैभन्दा ठूलो क्रान्तिकारी शक्ति आफैंलाई ठानिरहेका छन् । नेपाली कम्युनिस्टहरू जहिले मपाईंवाद र विभाजनमा रमाइरहने हुँदा टुटफुटको पर्यायवाची शब्द बनेका छन् ।**

**नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको ७५ वर्ष पुग्यो । राणाशासनको जगजगी चलिरहेकै बेला २००६ वैशाख ९ गते नेकपाको स्थापना भएको हो । राणाविरोधी अगुवाहरू पुष्पलाल श्रेष्ठ महासचिव रहेर नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठसमेतले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरेका थिए । पुष्पलाल महासचिव रहेको नेकपादेखि नेत्रविक्रम चन्द विप्लव महासचिव रहेको नेकपासम्म आइपुग्दा नेपालका कम्युनिस्टहरू दर्जनौंपटक फुटिसकेका छन् । पछिल्लोपटक नेकपा एमालेबाट फुटेर नेकपा एकीकृत समाजवादी र विप्लव नेतृत्वको नेकपा फुटेर नेकपा बहुमत गठन भएको छ । कम्युनिस्ट नेताले फुटको औचित्य भने पुष्टि गर्न सकेका छैनन् । स्थापनादेखि आजसम्म नेपालमा कम्युनिस्टका छजना प्रधानमन्त्री भए । यहाँ कम्युनिस्टको जनमत धेरै छ । तर लगातार टुटफुट र विभाजन एवं सत्ताकेन्द्रित राजनीतिले गर्दा अब भने कम्युनिस्टप्रतिको जनभरोसा टुट्दै गएको छ ।**

**मुलुकमा यतिबेला ठूला/साना १३ वटा कम्युनिस्ट पार्टी चलायमान छन् । चलाएमान नभएका, सुषुप्तरूपमा रहेका अन्य धेरै हुन सक्छन् । नेकपाको औपचारिक फुटको सुरुआत स्थापनाको १३ वर्षपछि विसं २०१९ मा भारतमा भएको तेस्रो महाधिवेशनदेखि भएको हो । फुटपछि विसं २०२३ मा पुष्पलाल समूह, डा केशरजङ्ग रायमाझी समूह र तुलसीलाल अमात्य समूहले छुट्टाछुट्टै सम्मेलन गरे । यी समूहहरूमा पनि पछि फेरि फुट्दै धेरै समूह बने । यसरी फुट्दै जाने क्रममा कैयन समूहहरूको अस्तित्व नामेट भए । कम्युनिस्टहरू नीति सिद्धान्तको सवालमा सजिलै फुट्छन् । जुट्नुपर्दा भने एउटा अक्षरको सवालमा सहमति हुन व्याख्या र विश्लेषण चल्छ । विगतमा पार्टीभित्रको कुर्सीको सवालमा पार्टी विभाजन भए । अहिले मुलुकको सत्ताको कुर्सीको सवालमा पनि पार्टी फुट्ने गरेको छ । त्यति मात्रै होइन, निकै अप्ठ्यारो परिस्थितिमा फुट्ने कम्युनिस्ट पार्टी अति सजिलो अवसर पर्दा पनि फुट्ने गरेका छन् । कहिले अप्ठ्यारोबाट बच्नका लागि फुट, त कहिले अवसर छोप्नका लागि फुट भइरहने वाम शक्तिको निष्पक्ष मूल्याङ्कन गर्न भने अब विलम्ब गरिनुहुन्न ।**

# के नेपाल असफल हुँदैछ ?

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**अमेरिका र युरोपियन युनियनलाई नेपाल क्रिश्चियन धर्म प्रचार गर्न र स्वतन्त्र तिब्बत आन्दोलनका लागि चाहिएको छ । यही सबै कारणले गर्दा नेपाल हार्डकोर डिप्लोमेसीको चक्रव्यूहमा फसेको छ । नेपाल यसबाट बाहिर निस्कन आवश्यक छ तर विगत र हालका केही घटनाक्रमहरूमाथि विचार गर्दा सरकार यसतर्फ या त सचेत छैन वा चेत नै खुलेको छैन ।**

अमेरिकी विदेश मन्त्रालयले हालसालै लगानीको वातावरणसम्बन्धी प्रतिवेदन जारी गरेको छ । आफ्नो देशका व्यापारिक कम्पनीहरूलाई सुरक्षित लगानी गर्न सघाउने उद्देश्यले अमेरिकाले यस्तो प्रतिवेदन जारी गर्ने गरेको छ । यस प्रतिवेदनमा एमसिसीबारे पनि उल्लेख गर्दै धेरै विलम्बपछि नेपालको संसद्ले २७ फेब्रुअरी २०२२ मा कम्प्याक्टलाई गरेको अनुमोदनबारे नेपालको यस कदमले आफ्ना अन्तर्राष्ट्रिय प्रतिबद्धताको सम्मान गर्न दृढ रहेको सन्देश दिएको उल्लेख गर्दै जलस्रोतलाई विशेष प्राथमिकता दिई नेपालले ४० हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सक्ने क्षमता राख्छ, जसलाई बेचेर मनग्य आम्दानी गर्न सक्ने सम्भावना रहेको उल्लेख गरेको छ । यसबाहेक पनि कृषि, पर्यटन, सूचना, सञ्चार प्रविधि तथा पूर्वाधार क्षेत्रमा समेत प्रचुर सम्भाव्यता रहेको उल्लेख गर्दै सरकारले लगानीमैं वातावरण बनाउन थुप्रै कानून संशोधन एवं नयाँ निर्माण गरेको भएपनि विभिन्न अवरोधहरूका कारण उल्लेख्य प्रगति हुन नसकेको उल्लेख गरेको छ ।

उक्त प्रतिवेदनका अनुसार नेपालमा लगानी गर्ने प्रमुख देशहरूमध्ये अमेरिका तेस्रो स्थानमा रहेको छ । यस वर्ष अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरण अनुसार गत वर्षको फागुनसम्मको तथ्याङ्क अनुसार दुई हजार १२६ वटा उद्योग स्थापनाका लागि रु एक खर्ब ९६ अर्बको चिनियाँ लगानी स्वीकृत भएको छ भने भारतबाट ८२१ वटा परियोजनाका लागि रु एक खर्ब ७३ अर्बको लगानी स्वीकृत भएको छ । संयुक्त राज्य अमेरिकाबाट भने ४४८ वटा उद्योगका लागि रु १६ अर्बको लगानी स्वीकृत भएको छ । तर लगानीमैत्री वातावरणसम्बन्धी यो प्रतिवेदनले नेपालमा वैदेशिक लगानीका साथै अनुदानसमेत घट्दै गएकाबारे बुँदागतरूपमा केही कुराहरू राखेको छ, जुन प्रजातन्त्र ल्याउने दलहरूका लागि थोरै पानीमा डुबी मर्नु सरह नै छ । पहिलो, राजनीतिक अवस्थाबारे चर्चा गर्दै प्रतिवेदनले सन् २०२२ मा नेपालमा सम्पन्न आमनिर्वाचनले केही आशा जगाएको भएपनि राजनीतिक स्थिरता सुनिश्चित हुन नसकेकोले आन्तरिक तथा बाह्य गरी दुवै किसिमका लगानी चुनौतीपूर्ण रहेको भन्दै नेपालका राजनीतिक दलहरूले सुशासन र स्थायित्व कायम गर्नेतर्फ काम नगरी सधैं सत्ता सङ्घर्षमा अलमल गरेकाले यो अवस्था आएको उल्लेख गरेको छ । यस अर्थमा अमेरिकी प्रतिवेदनले नेपालमा लगानी गर्नु जोखिमपूर्ण रहेको सन्देश दिएको र त्यसको कारण अन्य कोही नभई हाम्रै राजनीतिक दलहरूको सत्तालिप्सा हो भन्ने तथ्य अन्तर्राष्ट्रियस्तरमा नै उजागर भएको छ । त्यसैगरी, दोस्रोमा भ्रष्टाचारको व्यापकताबारे प्रतिवेदनले भन्छ– भ्रष्टाचारसहितका कारणले अमेरिकीलगायत विदेशी कम्पनीहरूलाई काम गर्न अप्ठेरो रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलको प्रतिवेदनले नै उच्च भ्रष्टाचार हुने देशको सूचीमा नेपाल रहेको उल्लेख गरेको छ । राजनीतिक र प्रशासनिक तहमा अन्तर्राष्ट्रिय व्यापारका अभ्यास एवं मापदण्डबारे जानकारी कम हुनु र करार वा ठेक्कापट्टामा स्वार्थ उत्पन्न द्वन्द्व रोक्ने कानून हालसम्म नरहेकोले पनि भ्रष्टाचारमा सघाउ पुगेको उल्लेख गरेको छ । त्यसैगरी, नेपालको न्यायपालिकामा समेत राजनीतीकरण भएको प्रसङ्ग पनि उल्लेख गरेको छ ।

तेस्रो नम्बरमा नेपालको कर प्रशासनबारे चर्चा गर्दै नेपालस्थित अमेरिकी दूतावासलाई कर प्रणालीमा तत्काल वा आगामी दिनमा के कस्ता परिवर्तनहरू हुन्छन् भन्ने जानकारी नभएको तर नेपाल सङ्घीय संरचनामा गएर तीन तह सङ्घीय, प्रादेशिक र स्थानीय तहको सरकार बनेकाले नयाँ कर नीति आउनु अपरिहार्य रहेको उल्लेख गर्दै नेपालको कर प्रणालीको स्थिरतामाथि एनसेल प्रकरणको उदाहरण दिंदै अन्तर्राष्ट्रिय मध्यस्थकर्तासम्म पुग्नुपरेको प्रसङ्ग उल्लेख गर्दै अन्तर्राष्ट्रिय लगानीकर्ताहरूले नेपालमा खरीद–बिक्री गर्दा स्थानीय कर दायित्वबारे सूक्ष्मरूपमा अध्ययन गरी लगानी गर्नुपर्ने उल्लेख गरेको छ ।

यसका साथै प्रतिवेदनले ट्रेड युनियनलाई पनि छाडेको छैन । ट्रेड युनियनका कारण हडतालहरूको जोखिम रहेको उल्लेख गर्दै हालका वर्षमा भने यसको सङ्ख्यामा कमी आएको भनेको छ । सन् २०२१ मा विप्लव समूह शान्तिपूर्ण राजनीतिमा आएदेखि धम्की, चन्दा आतङ्क, हिंसा अनि घरेलुरूपमा बनाइएका विष्फोटक सामग्रीको चुनौती पनि घटेको उल्लेख गरेको छ । यसभन्दा पूर्व पनि विदेशमा नेपालबारे यस्ता समाचार प्रकाशित वा प्रसारित नभएका होइनन् । उदाहरणको लागि जून २०२१ मा न्यूयोर्क टाइम्सले 'Nepal, on the Brink of Collapse' शीर्षकमा समाचार प्रकाशित गरेको थियो भने सन् २०१३ मा Foreign Policy मा नेपाली अर्थतन्त्रका केही सूचकहरूको हवाला दिंदै नेपाल असफल राष्ट्र बन्ने किसिमका समाचार प्रकाशित गरेको थियो । त्यस्तै, The Economist ले सन् २०२३ को आफ्नो ४ जूनको अङ्कमा चीनका असफल छिमेकीहरू भन्दै नेपालसमेतको बारेमा समाचार प्रकाशित गरेको छ । अन्तर्राष्ट्रिय समाचारपत्रहरूमा समेत यस्ता समाचार प्रकाशित हुन थालेपछि दुईवटा प्रश्न सम्भवतः खडा हुन्छन् । पहिलो त के साँच्चै नेपाल असफल राष्ट्र बन्न लागेको हो ? र दोस्रो समाचारको स्रोतलाई विश्वास गर्ने हो भने सन् २०१२ देखि २०२३ सम्म आइपुग्दा ११ वर्षसम्म महाभूकम्प र कोभिड जस्ता महामारीबाट उम्केर आज पनि यो देशको आर्थिक सूचकाङ्क ऋणात्मक भएपनि चलिरहेको छ । असफल घोषित नै भइसकेको छैन । Grey List मा पर्ने हल्ला चले पनि नेपाल त्यसमा नपरेर हेर्दाहेर्दैमा परेको छ । सम्भवतः नेपाल आफ्नो भूराजनीतिक बनोटका कारण असफल हुनबाट जोगिंदै आएको छ र यसैभित्र यसको बिग्रिएको आर्थिक अवस्थाको सत्यता लुकेको भान हुन्छ । यस्ता समाचारहरूले निजी क्षेत्रलाई नेपालमा ठूला लगानी गर्न हतोत्साहित गरिरहेको हुन्छ भने अर्कोतर्फ त्यस्ता देशका सरकारहरू आफ्नो उपयोगिताको हिसाबले नेपाल चलिरहोस् भनेर गणना गरेर सहयोग गर्छन् । मलाई लाग्छ कि चीन, भारत र अमेरिका सबै यही श्रेणीमा पर्छन् । चीन नेपाललाई बिआरआईमा ल्याएर ऋणको भारी बोकाएर आफूअनुकूल हिंडाउन चाहन्छ भने भारत, चीनबाहेक अन्य देशका लगानी भएको विद्युत् खरीद गरेर नेपालमा भारतीय लगानी यस क्षेत्रमा ल्याउन चाहन्छ । २५ वर्ष लम्बित कर्णालीको डिपिआरमा भारत अहिले थप लगानी गर्नसमेत तयार भएको छ किनभने उसलाई कोप–२६ मा गरेको सन् २०५० सम्म कार्बन उत्सर्जक नेटजीरो अर्थात् हालको भन्दा बढ्न नदिन गरेको वाचा पूरा गर्न क्लिन इनर्जीको आवश्यकता पर्छ । साथै राजनीतिकरूपमा श्रीलङ्का र भुटानसँग पनि चीनको बढ्दो सम्बन्धका कारण दक्षिण एशियामा नै एक्लिने कारणले नेपालसँग घनिष्ट हुनुमा भारतको बाध्यता रहेको छ ।

अमेरिका र युरोपियन युनियनलाई नेपाल क्रिश्चियन धर्म प्रचार गर्न र स्वतन्त्र तिब्बत आन्दोलनका लागि चाहिएको छ । यही सबै कारणले गर्दा नेपाल हार्डकोर डिप्लोमेसीको चक्रव्यूहमा फसेको छ । नेपाल यसबाट बाहिर निस्कन आवश्यक छ तर विगत र हालका केही घटनाक्रमहरूमाथि विचार गर्दा सरकार यसतर्फ या त सचेत छैन वा चेत नै खुलेको छैन ।

यसबाट बाहिर निस्कन नेपालले सफ्टपावर इकोनोमिक डिप्लोमेसीतर्फ पाइला चाल्नुपर्नेमा त्यस्तो भएको पाइँदैन । पञ्चायतकाल अझ भनौं राजा महेन्द्रको कालमा सिमरामा सम्भवतः भारतको टाटा समूहले कुनै ठूलो फैक्ट्री लगाउन खरीद गरेको जग्गा पछि गएर कुरा नमिल्दा त्यो जग्गा उनीहरूले त्रिभुवन विश्वविद्यालयलाई दान गरेकामा हाल त्यहाँ सूर्य नेपाल प्रालिको कारखाना रहेको छ । त्यस्तै, २०४६ सालमा प्रजातन्त्र बहालीपछि पनि स्व गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्व कालमैं फ्रान्स भ्रमणका दौरान हालको नेपाल इन्भेस्टमेन्ट मेघा बैंक त्यतिबेलाको इन्डोस्वेज बैंकले शेयरमार्फत आफ्नो लगानी बढाउन गरेको प्रस्ताव नेपाल सरकारले नमानेपछि बैंकले फ्रान्स भ्रमणमा रहेका नेपालका प्रधानमन्त्रीसँग भेट्न खोजेको थियो, जुन सफल भएन । त्यसैगरी, हेटौंडामा स्थापित कोडाक फिल्म बनाउने एकाइ नेपालले उत्पत्तिको प्रमाणपत्र सम्भवतः भारतको दबाबमा नदिएको कारण फिर्ता भयो । अहिले पनि सुनिएको डङ्गोटे सिमेन्ट प्रकरण पनि माथिका घटनाहरूसँग मिल्दोजुल्दो छ । भनिन्छ, नेपालमा अहिले नवधनाढ्यहरूको एउटा यस्तो समूह उदय भएको छ, जुन सबै दलका ठूला नेताहरूको किचेन क्याबिनेटका सदस्य छन् र तिनलाई विदेशबाट आउने लगानी परियोजनामा भाग वा शेयर चाहिन्छ, जुन नदिने हो भने लगानी गर्न इच्छुक विदेशी लगानीकर्ताले अनुमति नै पाउँदैनन् वा पाए पनि विभिन्न अडचन लगाएर बाधा पुऱ्याइन्छन् । यस प्रकारका सोचले देशको आर्थिक उत्थान सम्भव नभएकोले नेपालले बदलिंदो परिवेशमा सफ्टपावर आर्थिक कूटनीति अन्तर्गत अब वैदेशिक भ्रमणमा नेपाली पदाधिकारीहरू जाँदा त्यहाँका Nonstate Actors मध्येका सहजकर्ता एवं लगानीकर्ताहरूको पहिचान गरी सम्बन्ध अगाडि नबढाउने हो भने नेपाल सधैंभरि Hand Power Economic Diplomacy वा भनौं Strategic Economic Diplomacy को चपेटामा रहने र यसको अर्थतन्त्र समेत Creeping State अर्थात् घिस्रने अवस्थामा रहनेछ । तर यसका लागि सरकारले पनि कर, भ्रष्टाचार आदिमा नियन्त्रण एवं सुधार गर्न जरुरी छ ।

# नाडा अटोशोको तयारी पूरा, २० अर्बको कारोबार हुने अनुमान

काठमाडौं, ११ भदौ/रासस

नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल (नाडा)ले आयोजना गर्ने नाडा अटोशो २०२३ को तयारी पूरा भएको छ । नाडाले सोमवार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै अटोशोको सम्पूर्ण तयारी पूरा भएको जनाएको हो ।

नाडाले यही भदौ २६ देखि ३१ गतेसम्म भृकुटीमण्डपमा १५औं अटोशो आयोजना गर्दैछ । नाडा अध्यक्ष डा ध्रुवबहादुर थापाले अटोशोमा साना तथा ठूला गरी १२० स्टल तथा ब्लक रहने जानकारी दिए । उनका अनुसार शोमा प्रख्यात अन्तर्राष्ट्रिय ब्रान्डका सवारीसाधन, लुब्रिकेन्ट, टायर, पार्टपुर्जा, राष्ट्रिय ब्रान्डका अटो सामग्री उत्पादक कम्पनीको सहभागिता रहेको छ ।

प्रदर्शनीमा १६ वटा ब्रान्डका चार पाङ्ग्रे, २२ वटा ब्रान्डका दुई पाङ्ग्रे, सातवटा ब्रान्डका लाइट कमर्सियल भेहिकल, नौवटा वित्तीय संस्था तथा ३०



तस्वीरः फाइल

वटा लुब्रिकेन्ट, टायर, ब्याट्री, पार्टपुर्जा एवं ग्यारेज उपकरण कम्पनीको सहभागिता रहेको जनाइएको छ ।

नाडा अटो एक्स्पो २०२३ मा विगतमा भन्दा उत्साहजनकरूपमा अटोमोबाइल कम्पनीको सहभागिता रहेको नाडाले जनाएको छ ।

नाडा अटो एक्स्पो २०२०, २०२१ र २०२२ कोभिड महामारीलगायत अन्य विभिन्न कारणबाट आयोजना हुन सकेको थिएन । लामो समयदेखि हुन नसकेकाले नाडा अटोशो २०२३ मा अटोमोबाइल कम्पनीको अत्यधिक सहभागिता रहेको नाडाले जनाएको हो ।

**सटल बसको व्यवस्था**

नाडाले छ दिनसम्म सञ्चालन हुने शोमा पहिलोपटक सटल बस सञ्चालन गर्ने जनाएको छ । नाडाका सचिव एवं अटोशो संयोजक अनुपकुमार बरालले शोलाई ध्यानमा राख्दै तीनवटा सटल बस सञ्चालनको तयारी भएको जानकारी दिए । काठमाडौं मल, सैनिक कल्याणकारी भवन, बसपार्क, भ्यू टावरलगायतका सार्वजनिक पार्किङस्थलबाट महानगर यातायातको सहयोगमा सटल बस सञ्चालन गर्न लागिएको उनको भनाइ छ ।

यस्तै, नाडाले आजदेखि नै अटो शोको टिकट बुकिङ खुला गरेको छ ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# एक वर्षमा हात्तीका सात छावा

चितवन, ११ भदौ/रासस

चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन तथा तालीम केन्द्र खोरसोर र पोस्टमा रहेका हात्तीले गत आर्थिक वर्षमा सात छावा जन्माएका छन्। निकुञ्जका हात्तीले एकै वर्षमा जन्माएको यो ठूलो सङ्ख्या हो ।




तालीम केन्द्रका प्रमुख मनपुरण चौधरीका अनुसार खगेन्द्र मल्ली पोस्टमा रहेको गणेशकलीबाहेक सबै तालीम केन्द्रका हात्तीले बच्चा जन्माएका हुन् । तीर्थमानकली, हिमानीकली, चितवनकली, तमरकली, लोकतन्त्रकली र ऐश्वर्यमालाकलीले बच्चा जन्माएका उनले बताए । गण्डकीकलीले समेत बच्चा जन्माएको जनाउँदै चौधरीले उक्त बच्चा बचाउन नसकिएको जानकारी दिए ।

गत आवमा यहाँका तीनवटा हात्ती शुक्लाफाँटा पठाइएकामध्ये नारायणीकलीले शुक्लाफाँटा पुगेर बच्चा जन्माएको थियो। चौधरीले भने, “हाम्रा यहाँका हात्तीका नौ बच्चा जन्मिएका हुन्। एउटा बचाउन सकिएन, एउटा शुक्लाफाँटा गएर जन्मियो।” उनले हात्ती प्रजननमा अहिलेसम्मकै धेरै सङ्ख्यामा बच्चा जन्मिएको बताउँदै यो निकुञ्जकै महत्त्वपूर्ण उपलब्धि भएको बताए ।

चौधरीका अनुसार अघिल्लो आवमा एउटा मात्रै बच्चा जन्मिएको थियो । “यो वर्ष थप तीनवटा हात्ती गर्भवती भएका छन्। आगामी आवमा आठदेखि नौवटा बच्चा जन्मिने सम्भावना छ,” उनले भने ।

बच्चा जन्मिएको दुई महीनापछि नै हात्ती पुनः गर्भवती हुन योग्य हुने चौधरीले जानकारी दिए । यस वर्ष बच्चा जन्माएका सबै हात्ती गर्भवती भइसकेका छन् । उनका अनुसार २२ देखि २४ महीनामा हात्तीले बच्चा जन्माउँछ। हाल जन्मिएका अधिकांश बच्चा जङ्गली हात्ती रोनाल्डो र गोविन्देका हुन् । गत वर्ष रोनाल्डो चार महीना तालीम केन्द्र क्षेत्रमा रहेकाले गर्भवती भएका अधिकांश हात्तीको प्रजनन रोनाल्डोसँग भएको उनको भनाइ छ ।

जन्मिएको तीन वर्षपछि हात्तीका बच्चालाई तालीम दिने गरिएको चौधरीले बताए। उनका अनुसार तालीम केन्द्रले गत वर्ष नौवटा हात्तीका बच्चालाई तालीम दिएर पोस्टमा पठाएको थियो । “गत वर्ष कसरामा र सौराहामा दुई/दुई तथा बेलसहर, कछुवानी, बगही, बाघमारा र अमृते पोस्टमा एक/एक हात्ती तालीमपछि पठाइएको छ,” उनले भने, “तीन महीनामा तालीम सम्पन्न हुन्छ ।”

चौधरीका अनुसार प्रजनन केन्द्रमा हाल १२ वटा माउ हात्ती छन्। निकुञ्जमा ६० वटा सरकारी हात्ती छन्। ती हात्ती पोस्टमा सुरक्षामा खटिने गर्छन् । विसं २०४४ देखि शुरू भएको तालीम केन्द्रमा विसं २०५४ देखि बच्चा जन्मिन थालेका हुन्। हालसम्म ६३ वटा बच्चा जन्मिएका राष्ट्रिय निकुञ्ज अन्तर्गत हात्ती प्रजनन तथा तालीम केन्द्रले जनाएको छ ।



**महोत्सवमा पिङ खेल्दै बालबालिका** : जुम्लाको सिंजा गाउँपालिकाको आयोजनामा सञ्चालन भएको ऐतिहासिक सिंजा केदारनाथ महोत्सवमा स्थानीय काठबाट निर्माण गरिएको पिङ खेल्दै बालबालिका । सिंजाको पर्यटन प्रवर्द्धन गर्नेका लागि सो महोत्सव सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ । तस्वीरः रासस

# मुख्यमन्त्रीहरूको प्रश्न : सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानून निर्माणमा किन ढिलाइ ?

काठमाडौं, ११ भदौ/रासस

सङ्घीयता कार्यान्वयनसँग जोडिएका महत्त्वपूर्ण ऐन तथा कानून निर्माणमा भइरहेको ढिलाइप्रति मुख्यमन्त्रीहरूले चिन्ता व्यक्त गर्दै तत्काल प्रक्रिया अगाडि बढाउन र सङ्घीयतालाई बलियो बनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको ध्यानाकर्षण गराएका छन् ।

नागरिकलाई घरआँगनमैं सहजरूपमा सेवासुविधा उपलब्ध गराउने उद्देश्यले ल्याइएको सङ्घीय प्रणाली पनि प्रक्रियामा फस्दै गएको, महत्त्वपूर्ण कानून निर्माणमा भइरहेको ढिलाइप्रति चासो व्यक्त गर्दै मुख्यमन्त्रीहरूले गत असारमा पोखरामा सम्पन्न राष्ट्रिय समन्वय परिषद्को बैठकले गरेका निर्णय पनि तत्काल कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा सोमवार आयोजित राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकमा सहभागी हुँदै मुख्यमन्त्रीहरूले प्रदेश सरकारलाई सबल नबनाइ र हालकै अवस्थामा चल्ने अवस्था सिर्जना भए थप जटिलता पैदा हुने धारणा राखेका थिए ।

प्रहरी समायोजन ऐन कार्यान्वयनमा आउन नस्क्दा प्रदेश सरकारले प्रभावकारीरूपमा काम गर्न नसकेको भन्दै मुख्यमन्त्रीहरूले तत्काल सो ऐन कार्यान्वयनमा ल्याइ प्रदेश सरकारलाई प्रहरी परिचालनको अधिकार दिनसमेत माग गरे । सङ्घीय संसद्को अघिल्लो कार्यकालमा नै पारित भएको सो ऐन कार्यान्वयन हुन सकेको छैन ।

बाग्मती प्रदेशका मुख्यमन्त्री सालिकराम जम्मरकट्टेलले तत्काल प्रहरी समायोजन ऐनले गरेको व्यवस्था अनुसार प्रहरी समायोजन गर्न प्रधानमन्त्री प्रचण्डको ध्यानाकर्षण गराए । उनले सङ्घीय निजामती ऐन, सङ्घीय शिक्षा ऐनलगायतका महत्त्वपूर्ण ऐन ल्याउन र प्रदेश सरकारलाई सबल बनाउन आग्रह गरे ।

नागरिकलाई सहजरूपमा सेवा प्रदान गर्न अवलम्बन गरिएको प्रणालीलाई सहज र सबल बनाउन पनि महत्त्वपूर्ण कानून छिटो निर्माण हुनुपर्नेमा ढिलाइ भएकाप्रति उनले गुनासो गरे । मुख्यमन्त्री जम्मरकट्टेलले निजामती विधेयकमा राखिएका केही प्रावधानप्रति आपत्ति प्रकट गर्दै प्रदेश सरकारमार्फत नै स्थानीय




तहमा प्रमुख कार्यकारी अधिकृतलगायतका कर्मचारीको प्रबन्ध गर्न पाउनुपर्ने धारणा राखे । उनले कर्णाली प्रदेशबाहेक अरू सबै प्रदेशले प्रहरी परिचालन ऐन पारित गरी तम्तयारी अवस्थामा रहेका जानकारी दिए ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सुरक्षा र प्रशासनविना प्रदेश सरकार सबल हुन नसक्ने भएकाले तत्काल प्रहरी समायोजना ऐन अनुसार प्रहरी परिचालन गर्ने अधिकार प्रदान गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराए ।

मुख्यमन्त्री चौधरीले सङ्घबाट प्रदेशमा पठाइएका योजनाको स्रोत व्यवस्थापन हुन नसक्दा लामो समयदेखि आयोजना अलपत्र परेको गुनासो गरे । यस्तै, उनले लुम्बिनी विकास कोष र राष्ट्रिय निकुञ्जहरूसँग पनि प्रदेश सरकारले समन्वय र सहकार्य गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

पाँच/दश लाख रकमका योजनासमेत सङ्घीय सरकारको कार्यक्षेत्रमा राखेर सङ्घीयतालाई विद्रुप पारिएका आपत्ति प्रकट गर्दै आगामी आर्थिक वर्षदेखि यस्ता विषयलाई तत्काल सम्बोधन गर्न मुख्यमन्त्री चौधरीले प्रधानमन्त्रीको ध्यानाकर्षण गराए ।

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले गत असारको सुरुआतको प्राकृतिक विपदका कारण आफ्नो प्रदेशमा ठूलो जनधनको क्षति भएपनि हालसम्म प्रभावितले राहत नपाएकामा गुनासो गरे । उनले कोशी प्रदेशको धरानलगायतका स्थानमा डेङ्गुको चरम समस्या देखिएकाले तत्काल स्वास्थ्य सङ्कटकाल घोषणा गरी उपचारको प्रबन्ध गर्न माग गरे ।

उनले डेङ्गुका बिरामीलाई भुइँमा राखेर उपचार गर्नुपरेको भन्दै कोरोनाकालमा निर्माण भएको आकस्मिक अस्पताललाई तत्काल प्रदेश सरकारले सञ्चालन गर्ने वातावरण मिलाइदिन प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । मुख्यमन्त्री थापाले पूर्वमा देखिएको पहिचान पक्षधरको आन्दोलनमा उठेको मागसमेत सम्बोधन हुनुपर्ने माग गरे ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आर्थिक मन्त्री भएपनि सङ्घीय सरकारले साबिककै बजेट ल्याइएको भन्दै आफ्नो प्रदेशमा भने यथार्थवादी बजेट ल्याएको बताए । आफ्नो प्रदेशको बजेट शतप्रतिशत कार्यान्वयन गराउने योजनाका साथ लागिपरेको उल्लेख गर्दै मुख्यमन्त्री शाहले प्रभावकारीरूपमा कर्मचारीको प्रबन्ध गरिदिन प्रधानमन्त्री प्रचण्डलाई आग्रह गरे ।

उनले कास्की बैठकले गरेको निर्णय तत्काल कार्यान्वयन गरी सङ्घीयतालाई बलियो बनाउनुपर्नेमा जोड दिए । उनले प्रहरी समायोजन ऐन कार्यान्वयन गर्न तथा सङ्घीयतासँग जोडिएका महत्त्वपूर्ण ऐन निर्माणलाई तत्काल गति दिनुपर्ने बताए। उनले महाकाली करिडोर, गेटा मेडिकल कलेजलगायत महत्त्वपूर्ण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा सूचीकरण गरी गति दिनुपर्ने उल्लेख गरे ।

कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले कर्णाली प्रदेशको समग्र विकासका लागि विशेष आर्थिक प्याकेजको प्रबन्ध गर्न माग गरे। उनले पनि प्रहरी समायोजन ऐनलाई व्यावहारिक रूप दिई प्रदेशलाई बलियो बनाउनुपर्ने धारणा राखे। यस्तै, कर्णाली प्रदेशमा हालसम्म पनि सहजरूपमा बिजुली उपलब्ध हुन नसकेको उल्लेख गर्दै निर्माणाधीन १३२ केभी क्षमताको प्रसारण लाइन शीघ्र निर्माण सम्पन्न गर्नुपर्नेमा जोड दिए ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रहरी समायोजन ऐन तत्काल कार्यान्वयन गर्नुपर्ने बताए। उनले कर्मचारी परिचालनमा देखिएका समस्या समाधान गर्नेगरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले काम गर्नुपर्नेमा ध्यानाकर्षण गराए। बैठकमा मधेस प्रदेशका मुख्यमन्त्री भने अनुपस्थित थिए ।

# नमूना बोलपत्रको कागजात नेपाली भाषामा बनाइने

काठमाडौं, ११ भदौ/रासस

सरकारले आगामी दिनमा सार्वजनिक खरीदका नमूना बोलपत्र कागजातलाई नेपाली भाषामा बनाउने भएको छ ।

सार्वजनिक खरीदको प्रभावकारिता अभिवृद्धि गर्न खरीद ऐनलाई सामयिक बनाउने र सरल कार्यविधि निर्माणलाई पनि प्राथमिकतामा राख्न लागेको हो । सार्वजनिक खरीद अनुगमन कार्यालयका सचिव डा दामोदर रेग्मीले खरीद विषय आफैंमा जटिल र प्राविधिक विषय भएकाले यो जटिलतालाई कागजातले सरल र सहज बनाउनु आवश्यक भएको बताए ।

उनले भने, “विभिन्न सरोकारवालाका सुझावअनुरूप सरल खरीद कार्यविधि र नमूना बोलपत्र कागजातलाई नेपाली भाषामा बनाउने कामलाई प्राथमिकता दिइएको हो ।” सचिव रेग्मीले खरीदको प्रभावकारिताले पूँजीगत खर्च बढ्ने मात्र नभई विकास निर्माणका काममा तीव्रता आउने हुँदा सार्वजनिक खरीदलाई वित्त व्यवस्थापनको एउटा महत्त्वपूर्ण पाटोका रूपमा लिई सुधारका आवश्यक काम गर्ने क्रममा सार्वजनिक खरीद ऐनलाई पनि सामयिक बनाउन लागिएको उल्लेख गरे ।

राष्ट्रियस्तरमा प्रयोग हुने कागजातमा आउन सक्ने भाषागत समस्या निराकरण गर्न कार्यालयले त्यस्तो आवश्यकता महसूस गरेको जनाएको छ। त्यससम्बन्धी सुधार कार्यले प्रदेश र स्थानीय तहको खरीद क्षमतामा वृद्धि गर्ने र सबै सार्वजनिक निकायको खरीद क्षमतामा वृद्धि हुने कार्यालयले अपेक्षा गरेको छ ।

सार्वजनिक निकायमा सबै संवैधानिक अङ्ग वा निकाय, अदालत, सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा सबै कार्यालयले सार्वजनिक खरीद ऐन, २०६३ का प्रावधान पालना गर्नुपर्ने बाध्यता छ । खरीद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमानदारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी सार्वजनिक खरीदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ट र विश्वसनीय बनाउने उद्देश्यका साथ उक्त कार्यहरू गर्न लागिएको सचिव रेग्मीले बताउँछन् ।

यसैबीच, सार्वजनिक खरीद अनुगमन कार्यालयले यही महीनाको अन्तिम साता पोखरा र हेटौंडामा प्रोक्युरमेन्ट क्लिनिक सञ्चालन गर्न लागेको छ । सार्वजनिक खरीद कार्य जटिल र प्राविधिक विषय भएकाले खरीद एकाइ र खरीद कार्यमा संलग्न जनशक्तिको क्षमता विकास तथा उनीहरूलाई सार्वजनिक खरीदका विषयमा आइपरेका समस्या समाधान गर्ने उद्देश्यले क्लिनिक कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

सार्वजनिक खरीदका विषयमा आएका चुनौती सहभागीबाट व्यक्त गर्ने र विज्ञले ती समस्या समाधानका तरीका बताइदिने गरी ‘प्रोक्युरमेन्ट क्लिनिक’ अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

प्रोक्युरमेन्ट क्लिनिक एउटा सफल अन्तर्राष्ट्रिय अभ्यास भएकोले यस विधिबाट खरीद कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्न सकिने विश्वास गरिएको छ ।

# स्वचालित पेसी तारिख न्यायिक सुशासनको सुरुआत हो -प्रधानन्यायाधीश श्रेष्ठ

काठमाडौं, ११ भदौ/

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले स्वचालित पेसी तारिख न्यायिक सुशासनको सुरुआत भएको बताएका छन् ।

सर्वोच्च अदालतमा सोमवारदेखि स्वचालित पेसी तारिख व्यवस्थापन प्रणालीको शुभारम्भ गर्दै उनले उक्त प्रविधिबाट पेसी तारिख तोक्दा न्याय व्यवस्थापनमा सहज र न्यायिक सुशासन

(बाँकी चौथो पातामा)



# चालू पूँजी कर्जाको सीमा बढ्यो

काठमाडौं, ११ भदौ/रासस

नेपाल राष्ट्र बैंकले चालू पूँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधन गर्दै उत्पादनमूलक उद्योगलाई सहुलियत दिएको छ। केन्द्रीय बैंकले सोमवार चालू पूँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ संशोधन तथा परिमार्जन गर्दै उत्पादनमूलक उद्योगका लागि सो व्यवस्था गरेको हो।

राष्ट्र बैंकले चालू पूँजी कर्जा मार्गदर्शन संशोधन गर्दै उत्पादनमूलक उद्योगको हकमा रु तीन करोडसम्मको चालू पूँजी कर्जाको सीमा निर्धारण गरेको हो। यसअघि उक्त उद्योगका लागि रु एक करोडसम्म थियो। उद्योगी, व्यवसायी, बैंकर र अर्थ मन्त्रालयको आग्रहपछि राष्ट्र बैंकले विद्यमान व्यवस्था संशोधन गर्दै चालू पूँजी कर्जा परिमार्जन गरेको हो।

"कुनै फर्म/संस्था/कम्पनीलाई एक वा एकभन्दा उत्पादनमूलक उद्योगको हकमा रु चार करोडसम्मको चालू पूँजी कर्जाको सीमा निर्धारण गर्दा अनुमानित वार्षिक बढी बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कुल रु दुई करोडसम्म



तस्वीरः फाइल

कारोबार/बिक्रीको अधिकतम २० प्रतिशतले हुन आउने रकमसम्म मात्र कुल चालू पूँजी कर्जा सीमा कायम गर्नुपर्छ, यस्तो कर्जाको अवधि एक वर्ष वा सोभन्दा कम हुनुपर्नेछ र यस्तो कर्जा सीमा नवीकरणयोग्य हुनेछ," संशोधित मार्गदर्शनमा उल्लेख छ।

यस्तै, समग्र बैंकिङ प्रणालीबाट कुल रु एक करोडसम्म (उत्पादनमूलक उद्योगको हकमा कुल रु तीन करोडसम्म) चालू पूँजी कर्जा उपयोग गर्ने ऋणीको हकमा यो मार्गदर्शन लागू नहुने उल्लेख छ। यस्ता ऋणीलाई प्रवाह हुने चालू पूँजी कर्जाको सीमा बैंक तथा वित्तीय संस्थाले आफ्नो चालू पूँजी कर्जासम्बन्धी नीतिको अधीनमा रही निर्धारण गर्न सक्नेछन्। तर चालू पूँजी प्रयोजनका लागि प्रदान हुने कर्जाको प्रकार यसै मार्गदर्शनबमोजिम हुनुपर्ने राष्ट्र बैंकको भनाइ छ।

इजाजतपत्रप्राप्त संस्थाले चालू पूँजी कर्जाको आवश्यकता विश्लेषण गर्दा रु दुई करोडसम्म (उत्पादनमूलक उद्योगको हकमा रु चार करोडसम्म) चालू पूँजी कर्जा उपयोग गर्ने ऋणीको हकमा समेत 'पर्मानेन्ट वर्किङ क्यापिटल' आवश्यक भएमा एक वर्षभन्दा कम अवधिको कर्जा तथा पर्मानेन्ट वर्किङ क्यापिटल आवश्यक भएकाका लागि तीनदेखि १० वर्षको आवधिक प्रकृतिको चालू पूँजी कर्जा प्रदान गर्न सक्नेछन्।

# प्रतिनिधिसभा अन्तर्गतका १० वटै समितिका सभापति निर्विरोध निर्वाचित

काठमाडौं, ११ भदौ/रासस

प्रतिनिधिसभा अन्तर्गतका १० वटै समितिमा सभापति निर्विरोध निर्वाचित भएका छन्।

प्रतिनिधिसभा अन्तर्गतका समितिको सभापतिका लागि आइतवार उम्मेदवारी प्रस्ताव दर्ता भएका थिए। नौवटा विषयगत समितिमा एकल उम्मेदवारी र एउटा समितिको सभापतिमा दुईजनाको उम्मेदवारी प्रस्ताव दर्ता भएको थियो।

एकल उम्मेदवारी प्रस्ताव आएका समितिमा स्वतः सभापति घोषणा भएका छन्। साथै उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि जनमतका अब्दुल खान र राष्ट्रिय स्वतन्त्र पार्टीका गणेश पराजुलीको उम्मेदवारीले दर्ता गरेकामा पराजुलीले फिर्ता लिइसकेपछि खान निर्वाचित भएका हुन्। सभापति घोषणासँगै आजै शपथग्रहण भएको संसद् सचिवालयले जनाएको छ।

अर्थ समितिको सभापतिमा नेपाली काङ्ग्रेसका सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जनता समाजवादी पार्टीका राजकिशोर


तस्वीरः फाइल/रासस

यादव निर्वाचित भएका छन्। त्यस्तै, कानून, न्याय तथा मानव अधिकार समितिको सभापतिमा नेकपा (माओवादी केन्द्र)का विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा काङ्ग्रेसका आरजु राणा देउवा, महिला तथा सामाजिक मामिला समितिको सभापतिमा किरणकुमार साह र राज्य व्यवस्था तथा सुशासन समितिमा रामहरि खतिवडा निर्वाचित भएका छन्। त्यसैगरी, पूर्वाधार विकास समितिको सभापतिमा राष्ट्रिय प्रजातन्त्र पार्टीका दीपकबहादुर सिंह, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा नेकपा (एकीकृत समाजवादी)का भानुभक्त जोशी र सार्वजनिक लेखा समितिको सभापतिमा नेकपा (एमाले)का ऋषिकेश पोखरेल निर्वाचित भएका छन्।

## स्वचालित पेसी तारिख ...

कायम हुने बताए।

"यो प्रणालीले कर्मचारी र सेवाग्राहीलाई पनि निश्चितता हुने वातावरणको सिर्जना भएको छ," उनले भने, "एउटा सुधारको प्रक्रियामा अगाडि बढेको छ, यो पेशी व्यवस्थापन कडी हो।"

प्रधानन्यायाधीश श्रेष्ठले कर्मचारीले निर्धक्कसँग उच्च मनोबल राखेर काम गर्न यस प्रणालीबाट सहज हुने विश्वास व्यक्त गरे। उनले उक्त प्रविधि सर्वोच्च अदालतको सूचना प्रविधि शाखाले बनाएको र यो सर्वोच्च अदालतमा सफल भएमा अन्य ठूला मुद्दा भएका अदालतमा पनि लागू गर्न सकिने बताए।



**गोलभेंडाको बिरुवालाई थाक्रो हालिंदै** : चितवनको रत्ननगर नगरपालिका-११ जिरौनास्थित हरिनारायण श्रेष्ठको बारीमा लगाएको गोलभेंडाको बिरुवालाई थाक्रो हाल्दै कामदार। श्रेष्ठले ११ बिघा जग्गा भाडामा लिएर व्यावसायिकरुपमा तरकारी तथा अन्य खेती गर्दै आएका छन्। तस्वीरः रासस

## फरक समाचार

### सोफा, ओछ्यानमा जमेको धूलो जसमा ध्यान जाँदैन

बैठक कोठा होस् वा शयनकक्ष, फर्निचर घरको भित्री भागको एक महत्त्वपूर्ण भाग हो। थकित व्यक्तिले ओछ्यानमा सुतेपछि आराम महसूस गर्छ। ब्रेकफास्ट होस् वा डिनर, डाइनिङ टेबलले खानाको मजा दोब्बर बनाउँछ। फर्निचर एक सजावटी वस्तु मात्र होइन, भावनासँग पनि जोडिएको हुन्छ।



घरमा राखिएका फर्निचरमा जमेको पनि धूलो पनि एलर्जीको मूल कारण हुन सक्छ। सोफा, कुर्सी वा ओछ्यान आँखाले सफा देखिए पनि तिनीहरूमा यति धेरै धूलो जम्मा हुन्छ कि यसले दमको रोग पनि निम्त्याउन सक्छ।

सोफासहित अरू फर्निचरमा धूलो जम्मा हुन्छ, जुन हामीले देख्दैनौं। धेरैलाई यो धूलोबाट एलर्जी हुन्छ। यदि धूलोबाट नाकमा एलर्जी हुन्छ भने नाक बग्न थाल्छ र घाँटीमा समस्या भएमा दुखाइ वा खोकी आउने गर्छ। धूलोबाट एलर्जी हुने मुख्य कारण डस्ट माइटहरू हुन्। यी सूक्ष्म जीवहरू हुन्, जुन धूलोका कणहरूमा उपस्थित हुन्छन्।

जब कुनै व्यक्ति फर्निचरमा बस्छ, उसको छालाका मृत कोशिकाहरू त्यसमा टाँसिन्छन्। कपालको चाया, शरीरको तेल, खानाका कण र घरमा घरपालुवा जनावर भएमा उनीहरूको कपाल र चाया पनि फर्निचरका गद्दा र कभरमा जम्मा हुन थाल्छन्।

कतिपय मानिसहरू फ्लू, चीसो तथा डस्ट माइटहरूबीच भ्रमित हुन्छन्। यदि कोही घरबाहिर ठीक छ तर घरमा आउनेबित्तिकै खोक्छ वा हाच्छ्युँ गर्न थाल्छ भने घरका फर्निचरमा भएका धूलोले एलर्जी निम्त्याएको बुझ्नुपर्छ।

घरमा भएका सोफा, कुर्सी र गद्दा सफा तौलिया वा सुती कपडाले सफा गर्नुपर्छ। त्यसपछि ब्रशले सफा गर्नुपर्छ र बेकिंग सोडा राख्नुपर्छ। आधा घण्टापछि सफा कपडाले सफाइ गर्नुपर्छ। त्यसपछि फर्निचरहरूलाई पङ्खा चलाएर सुकाउनुपर्छ वा ड्रायरले सुकाउनुपर्छ।

### साँझको पैदल यात्रा निकै चमत्कारी

द हाउस अफ वेलनेसका अनुसार यदि पाचनसम्बन्धी समस्या छ भने साँझ वा राति हिंड्दा धेरै फाइदा हुन्छ। यदि बेलुकाको खाना पछि केही समय हिंडेमा यसले पाचन प्रक्रियालाई सक्रिय बनाउन मदत गर्छ।

बेलुकाको खानापछि हिंड्दा पेटमा ग्याँस हुने र पेट फुल्ने समस्या पनि हट्छ।



जब दिनभरको थकाइपछि साँझको पैदल यात्रा गर्दा आराम महसूस हुन्छ। यस समयमा हिंड्दा शरीरका ती मांसपेशीहरू पनि सक्रिय हुन्छन्, जसले शरीरलाई आराम दिन मदत गर्छ। हामी दिनभरि थकित भएपनि हिंड्दा हाम्रो ऊर्जा बढ्छ र मूड पनि राम्रो हुन्छ।

जब हामी बेलुकाको खानापछि हिंड्छौं, यसले हाम्रो निद्रामा सुधार गर्ने काम पनि गर्छ। हिंड्दा फोक्सोमा अतिरिक्त अक्सिजन आउँछ, जसको कारण हामी घर आएर सुत्न जाँदा धेरै आराम महसूस हुन्छ र निद्रा नलाग्ने समस्याबाट छुटकारा पाउन सकिन्छ।

वुमन गाइडका अनुसार बेलुकाको खानापछि हिंड्दा हाम्रो दिमागबाट नराम्रा वा नकारात्मक विचारहरू हटेर जान्छन् र हाम्रो दिमाग सकारात्मक ऊर्जाले भरिपूर्ण महसूस हुन्छ। यसले अवसाद जस्ता समस्याबाट पनि बच्न सकिन्छ।

साँझको पैदल यात्राले तौल पनि घटाउन सकिन्छ। यसो गर्दा शरीरमा जम्मा क्यालोरी मात्र जल्दैन, मेटाबोलिजमले पनि राम्रोसँग काम गर्न थाल्छ। अनि हाम्रो शरीरमा जम्मा रहेको अतिरिक्त बोसो जल्न थाल्छ। यसरी हामीले आफ्नो तौल घटाउन सक्छौं।

साँझको खानापछिको हिंडाइले शरीरमा राम्रो कोलेस्ट्रोल बढाउन र खराब कोलेस्ट्रोल कम गर्ने काम पनि गर्छ। यतिमात्र होइन, यसले ब्लड प्रेसर र ब्लड सुगरलाई पनि नियन्त्रण गर्न मदत गर्छ। यसबाट मुटुरोग लाग्नबाट पनि बच्न सकिन्छ। यी सबै फाइदाहरूलाई हेर्दा हरेक दिन आफ्नोलागि केही समय निकालेर हिंड्दा स्वास्थ्यलाई धेरै फाइदा हुन सक्छ। यद्यपि स्वास्थ्यसँग सम्बन्धित कुनै समस्या छ भने निश्चितरूपमा चिकित्सकसँग परामर्श लिनुपर्छ।

### उच्च रक्तचाप छ, नखाऔं सेतो नून

आजभोलि धेरैजसोलाई उच्च रक्तचापको समस्याले सताएको छ। बढ्दो तनावले यो समस्यालाई द्रुत गतिमा बढाइरहेको छ। यस्तो अवस्थामा नून अर्थात् सोडियमको नियन्त्रणमा विशेष ध्यान दिनु जरुरी हुन्छ।



जब नूनको कुरा आउँछ, प्रायः चिकित्सकहरूले रक नून अर्थात् सिंधे नून प्रयोग गर्न सिफारिश गर्छन्। उच्च रक्तचापको समस्यामा सिंधे नूनको सेवन प्रभावकारी हुन्छ। उच्च रक्तचाप व्यक्तिले सिंधे नूनको प्रयोग धेरै तरीकाबाट गर्न सक्छन्। सिंधे नूनमा प्रशस्त मात्रामा पोटाशियम हुन्छ, जसले रक्तचाप नियन्त्रण गर्छ। यो नूनले रक्तनलीका भित्ताहरूलाई हानि गर्दैन र उच्च रक्तचाप नियन्त्रण गर्न मदत गर्छ। यसका साथै यसले तनावको समयमा बढ्ने रक्तचापलाई पनि नियन्त्रण गर्छ र यस समस्याबाट हुने ठूलो क्षतिबाट बचाउँछ।

**१) तनाव व्यवस्थापनको लागि उपयोगी**

सूपमा थोरै मात्रामा सिंधे नून मिसाएर पिउने वा मनतातो पानीमा सिंधे नून मिसाएर नुहाउँदा तनाव कम हुन्छ र दिमाग सक्रिय हुन्छ। यसले शरीर र दिमागलाई आराम दिन्छ।

**२) तन्त्रिका शान्त**

उच्च रक्तचापमा सिंधे नूनले रक्तनलीलाई आराम दिन्छ। यो नूनले रक्तसञ्चारलाई ठीक राख्छ र रक्तचाप नियन्त्रण गर्न मदत गर्छ। त्यसैले उच्च रक्तचापका व्यक्तिले सिंधे नून खानुपर्छ र यसलाई पानीमा हालेर नुहाउँदा लाभदायक हुन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# समयको महत्त्वपूर्ण दौडमा प्रज्ञान रोभर -निर्देशक देसाई

अहमदाबाद, गुजरात, ११ भदौ/एएनआई

चन्द्रयान–३ को रोभर मोडचुल प्रज्ञान समयको दौडमा रहेको साथै पहिलो र




दोस्रो उद्देश्य सफलतापूर्वक पूरा भएपछि यसको तेस्रो उद्देश्यका लागि अघि बढिरहेको भारतीय वैज्ञानिकहरूले बताएका छन् ।

अन्तरिक्षसम्बन्धी अध्ययन गर्ने भारतीय स्पेस अप्लिकेशन सेन्टर (एसएसी)का निर्देशक निलेश एम देसाईले चन्द्रयान–३ को रोभर मोडचुल प्रज्ञान समयको दौडमा रहेको र छ पाङ्ग्रे रोभरमार्फत अज्ञात दक्षिणी ध्रुवको अधिकतम दूरी तय गर्न काम गरिरहेको बताए ।

वैज्ञानिकका अनुसार चन्द्रमाको सतहमा सफ्ट ल्यान्डिङपछि मात्र वास्तविक काम शुरू हुन्छ । गत अगस्त २३ मा चन्द्रयान–३ को ल्यान्डर मोडचुल चन्द्रमाको दक्षिणी ध्रुवमा सफलतापूर्वक अवतरण गरेपछि भारतले ठूलो फड्को मारेको थियो ।

अमेरिका, चीन र रूसपछि चन्द्रमाको सतहमा सफलतापूर्वक अवतरण गर्ने यो चौथो देश बनेको छ ।

भारतीय अन्तरिक्ष अनुसन्धान सङ्ठन (इसरो)को एक प्रमुख केन्द्र स्पेस एप्लिकेशन सेन्टरका निर्देशक देसाईका अनुसार चन्द्रमाको सतहमा सफ्ट ल्यान्डिङ, प्रज्ञान रोभरको गति र पेलोडको माध्यमबाट विज्ञानको डाटा प्राप्त गर्ने छ पाङ्ग्रे रोभर र ल्यान्डर विक्रमसँग जोडिएको छ । ट्रान्समिटेड डाटाको अंश पेलोडको उद्देश्य सन्देश प्राप्त गर्नु हो ।

"हाम्रा दुई मुख्य उद्देश्य सफलतापूर्वक पूरा भएका छन्, तर हाम्रो तेस्रो उद्देश्य जारी छ," उनले भने ।

प्रज्ञान रोभर समयको दौडमा रहेको उल्लेख गर्दै उनले भने, "हाम्रो ध्यान चन्द्रमाको दक्षिणी ध्रुवको धेरैभन्दा धेरै दूरीको क्षेत्रलाई समेट्ने हो । यसबाट प्रज्ञान रोभरले थप प्रयोगहरू गर्न सक्छ र हामी पृथ्वीमा विवरण (डेटा)प्राप्त गर्न सक्छौं ।"

"हामीसँग यो मिसनका लागि जम्मा १४ दिन मात्र बाँकी छ, जुन चन्द्रमामा एक दिन बराबर हो, त्यसैले चार दिन पूरा भएको छ। बाँकी १० दिनमा हामीले गर्न सक्ने थप प्रयोग र अनुसन्धान महत्त्वपूर्ण हुनेछन्। हामी समयको दौडमा छौं किनभने यी १० दिनमा हामीले अधिकतम काम गर्नुपर्नेछ र इसरोका सबै वैज्ञानिक यसमा काम गरिरहेका छन्," देसाईले भने ।

वैज्ञानिकहरूले भोग्नुपरेका कठिनाइमा जोड दिंदै उनले भने, "रोभरले चन्द्रमाको सतहमा दैनिक ३० मिटरको दूरी तय गरेकोमा १२ मिटर मात्र दूरी पार गरेको छ । यहाँ केही सेवा उपलब्ध नहुँदा रोभरको आवागमनमा पनि समस्या भइरहेको छ।" रासस

# अमेरिकी वाणिज्यमन्त्री र चिनियाँ समकक्षीबीच भेटवार्ता

बेइजिङ, ११ भदौ/सिन्ह्वा

अमेरिकी वाणिज्यमन्त्री जिना राइमोन्डोले आफ्ना चिनियाँ समकक्षीसँग सोमवार बेइजिङमा भेटवार्तामा विश्वका दुई ठूला अर्थतन्त्र भएका मुलुकबीच स्थिर सम्बन्ध हुनु अत्यन्त महत्त्वपूर्ण भएको बताएकी छन् ।

वाशिङ्टनले बेइजिङसँगको व्यापार तनाव कम गर्न काम गरिरहेका बेला हालैका महीनाहरूमा अमेरिकी अधिकारीहरूले चीनमा गरेका उच्चस्तरीय भ्रमणको शृङ्खलामा एक मन्त्रीका रूपमा उनको यो पछिल्लो भ्रमण हो ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले यसै वर्ष चीनका राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गर्ने समाचारहरू सार्वजनिक भइरहँदा अमेरिकी वाणिज्यमन्त्रीका रूपमा राइमोन्डोले व्यापार क्षेत्रमा रहेका तनावलाई कम गर्न चीन भ्रमण गरेकी हुन् ।

सोमवार बिहान चीनका वाणिज्यमन्त्री वाङ वेन्ताओसँग भएको भेटमा राइमोन्डोले दुई देशबीचको आर्थिक सम्बन्ध विश्वकै सबैभन्दा महत्त्वपूर्ण भएको बताएकी छन् ।

"हामीबीच ७०० अर्ब डलरको व्यापार छ र म तपाईंसँग सहमत छु कि हामीसँग स्थिर आर्थिक सम्बन्ध हुनु अत्यन्त महत्त्वपूर्ण छ," अमेरिकी वाणिज्य मन्त्रालयले मन्त्री राइमोन्डोलाई उद्धृत गर्दै जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

"यो एक जटिल सम्बन्ध हो, यो चुनौतीपूर्ण पनि छ," उनले वाङसँग भनिन् ।

उनले प्रसङ्गलाई जोड्दै भनिन्, "हामी निश्चितरूपमा केही मुद्दाहरूमा असहमत हुनेछौं, तर मलाई विश्वास छ कि यदि हामी प्रत्यक्ष, खुला र व्यावहारिक छौं भने हामी प्रगति गर्न सक्छौं ।"

आइतवार बेइजिङ आइपुगेकी राइमोन्डोसँग वाणिज्य मन्त्रालयको



अमेरिका तथा ओसियाना विभागका निर्देशक लिन फेङ र चीनका लागि अमेरिकी राजदूत निकोलस बर्न्सले भेटवार्ता गरेका थिए ।

सामाजिक सञ्जाल एक्स (ट्वीटर) मा पोस्ट गर्दै राइमोन्डोले आफ्नो भ्रमणले सम्बन्धमा नयाँ ऊर्जा दिनेमा आफू आशावादी रहेको बताएकी छन् ।

भ्रमणको क्रममा उनले चीनको आर्थिक शक्ति केन्द्र शाङ्घाईको पनि भ्रमण गर्ने अमेरिकी वाणिज्य विभागले जनाएको छ। उनी बुधवार स्वदेश फर्किने कार्यक्रम रहेको छ ।

पछिल्लो केही वर्षयता संयुक्त राज्य अमेरिका र चीनबीचको सम्बन्ध दशकौंयताकै सबैभन्दा तल्लो स्तरमा झरेको छ ।

वाशिङ्टनले राष्ट्रिय सुरक्षाका लागि व्यापार प्रतिबन्ध महत्त्वपूर्ण रहेको बताउँदै आएको छ, तर चीनले यसलाई अमेरिकाले आफ्नो आर्थिक वृद्धिलाई रोक्न खोजेको कदमका रूपमा बुझेको छ । रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सफलता | वृष | प्रगति |
| मिथुन | वादविवाद | कर्कट | यात्रालाभ |
| सिंह | कडापरिश्रम | कन्या | ज्ञानोदय |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | धनलाभ | मकर | ज्ञानोदय |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# एउटै व्यक्तिको पित्तथैली र मूत्रनलीमा ५५ वटा पत्थरी

झापा, ११ भदौ/रासस

यहाँका एक बिरामीको उपचारको क्रममा पित्तथैली र मूत्रनलीबाट शल्यक्रियामार्फत ५५ वटा पत्थरी निकालिएको छ ।

दक्षिण झापाको कचनकवल गाउँपालिका वडा नं ६ की ५४ वर्षीया सुमित्रा साहको भद्रपुरस्थित ओमसाई पाथिभरा हस्पिटलमा उपचारको क्रममा ५५ वटा पत्थरी एकैपटकमा बाहिर निकालिएको हो ।

अस्पतालका निर्देशक बालकुमार पोखरेलका अनुसार पेटभित्र असह्य दुखाइ बढेपछि उपचारका लागि साहलाई हस्पिटलमा भर्ना गरिएपछि भदौ ७ गते सर्जन डा शशी सिंहले सफलतापूर्वक शल्यक्रिया गरेका थिए ।

"सहन नसक्ने गरी पेटभित्र दुखाइ भएको भन्दै उहाँलाई अस्पतालमा भर्ना गरिएको थियो," निर्देशक पोखरेलले उपचारबारे जानकारी दिंदै भने, "मेडिकल सुपरिन्टेन्डेन्टसमेत रहनुभएको सर्जन डा शशी सिंहले उहाँको स्वास्थ्य परीक्षणपश्चात् तुरुन्त शल्यक्रिया गरिएको थियो ।" सबै जाँच प्रक्रिया पूरा भएपछि शल्यक्रिया गर्दा पित्तथैली र मूत्रनलीबाट ५५ वटा पत्थरी निकालिएको उनको भनाइ छ ।

साहको शल्यक्रिया सम्पन्न गर्न आठ घण्टा लागेको थियो । शल्यक्रियापछि उनको स्वास्थ्यमा सुधार आइसकेको र छिटै घर फर्किने तयारीमा रहेको उनका छोरा दीपककुमार साहले बताए ।

एउटै व्यक्तिको पित्तथैलीमा यतिका धेरै पत्थरी भेटिनु दुर्लभ नै भएको चिकित्सक बताउँछन्। "एउटै स्टोन हुँदा दुखेर बिरामी निकै पीडामा छटपटाउँछन्," साहलाई अस्पतालको सर्जिकल वार्डमैं भेटेर स्वास्थ्यलाभको कामना गरेका हल्दिबारी गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देनले भने, "यति धेरै स्टोन बोकेर कसरी सहेर बस्नुभएको थियो होला भनेर म चकित भएको छु।"

अस्पतालका व्यवस्थापक मनोज दाहालले उनको पित्तथैली र मूत्रनलीबाट निकालिएका हरेक पत्थरी १२ एमएमभन्दा ठूलो रहेको जानकारी दिए।

# आठौं दक्षिण एशियाली न्युरोसर्जरी शिखर सम्मेलन नेपालमा हुने

काठमाडौं, ११ भदौ/रासस

आठौं दक्षिण एशियाली न्युरोसर्जरी शिखर सम्मेलन दक्षिण एशियाको न्युरोसर्जरी अर्थात् स्नायु शल्यचिकित्सासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुने भएको छ ।

नेपाल न्युरोसर्जन समाजका अध्यक्ष डा प्रवीण श्रेष्ठका अनुसार यही सेप्टेम्बर ७ देखि ९ तारिख (भदौ २१ देखि २३ गते)सम्म आठौं दक्षिण एशियाली न्युरोसर्जरीसम्बन्धी तीन दिने शिखर सम्मेलन काठमाडौंमा हुन लागेको हो । यो सम्मेलन सन् १९९९ मा पहिलोपल्ट नेपालबाट नै शुरू भएको थियो। त्यसपछि सन् २०१२ मा दोस्रोपटक गरी नेपालमा हालसम्म यो सम्मेलन दुईपटक भइसकेको छ ।

विगत करीब छ वर्षदेखि र कोरोनाको समयमा यो सम्मेलन हुन नसकिरहेको बेलामा नेपाल न्युरोसर्जन समाजले आठौं शिखर सम्मेलन नेपालमैं आयोजना गर्न लागेको डा श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार नेपालमा हाल करीब ११२ जना सक्रिय न्युरोसर्जन रहेका छन् र देशका विभिन्न भागमा सेवारत छन्। तीमध्ये करीब ५० प्रतिशत काठमाडौं उपत्यकामैं कार्यरत छन्। बाँकी आधा देशका अन्य स्थानमा कार्यरत छन् । हाल देशका सातै प्रदेशमा न्युरोसर्जनको




उपस्थिति रहेका हुनाले न्युरोसर्जरीसम्बन्धी सेवा देशभर पुगेको छ ।

सन् १९८८ मा स्व डा उपेन्द्र देवकोटाले नेपालमा पहिलोपटक आधुनिक न्युरोसर्जरी सेवा शुरू गरेपश्चात् देशमा यो सेवाको सुरुआत भई विस्तार हुँदै गएको हो । हाल नेपालमा रहेका न्युरोसर्जन सङ्ख्याको हिसाबले पर्याप्त नभए तापनि सातै प्रदेशमा न्युरोसर्जनको उपस्थिति हुनु उत्साहजनक कुरा हो ।

नेपालको पूर्वी र तराई क्षेत्रमा न्युरोसर्जनको सङ्ख्या प्रशस्त भएपनि पश्चिम र पहाडी क्षेत्रमा न्युरोसर्जरी सेवा अझै न्यून रहेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार करीब एक लाख जनसङ्ख्याका लागि एक न्युरोसर्जनको आवश्यकता पर्छ । नेपालमा हाल यो अनुपात करीब सवा एक लाख जनसङ्ख्याका लागि एक न्युरोसर्जन रहेको छ, जुन त्यति नराम्रो होइन ।

दक्षिण एशियाका अन्य देशमा यो अनुपात नेपालको भन्दा कमजोर देखिन्छ। भारतमा करीब दश लाख जनसङ्ख्याका लागि एक न्युरोसर्जन रहेको छ भने बङ्गलादेशमा पनि झन्डै उस्तै अवस्था रहेको छ। पाकिस्तानको अवस्था निकै नाजुक रहेको देखिन्छ। त्यहाँ करीब ५० लाख जनसङ्ख्याका लागि एकमात्र न्युरोसर्जन रहेको छ। श्रीलङ्कामा करीब आठ लाखका लागि एक न्युरोसर्जन रहेको छ भने मल्दिभ्समा करीब एक लाखको लागि एक न्युरोसर्जन रहेको छ। भुटानमा न्युरोसर्जन र न्युरोसर्जरी सेवाको अझै पनि धेरै कमी देखिन्छ ।

नेपाल न्युरोसर्जन समाजले नेपालमा न्युरोसर्जरी सेवा र न्युरोसर्जरी शिक्षाको विकासका लागि धेरै योगदान पुऱ्याउँदै आएको छ। हाल देशमा बर्सेनि विभिन्न शिक्षण अस्पतालबाट करीब दशजना न्युरोसर्जन उत्पादन हुँदै आएका छन् भने देशका सातै प्रदेशमा वर्षैभरि नेपाल न्युरोसर्जन समाज अन्तर्गत न्युरोसर्जरीसम्बन्धी विभिन्न गोष्ठी तथा सम्मेलन हुने गरेको छ ।

### नाडा अटोशो ....

७५ हजार मानिसले अवलोकन गर्ने अनुमान गरिएको शोमा विद्यार्थीका लागि रु १५० तथा अन्य व्यक्तिका लागि रु दुई सयको टिकट छुट्याइएको छ। खल्तीबाट अटोशोको टिकट काट्नेका लागि २० प्रतिशत क्यासब्याकको सुविधा दिइएको नाडाले जनाएको छ ।

करीब रु २० अर्ब बराबरको कारोबार हुने शोमा ७५ हजारजनाले अवलोकन गर्ने अनुमान गरिएको नाडाले जनाएको छ ।

त्यसैगरी, नाडाले टिकट काटेका सेवाग्राहीमध्येबाट एकजना भाग्यशाली अवलोकनकर्तालाई लक्की ड्रमार्फत यडिया इ८एस इलेक्ट्रिक स्कूटर दिने जनाएको छ । नाडा अटोशोको शीर्ष प्रायोजकमा टाटा मोटर्स जेनुइन आयल, सहप्रायोजकमा शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रदर्शनीको डोर प्राइजमा वाडिया, टिकटिङ पार्टनरमा बल्ली, अफिसियल इन्टरनेट पार्टनरमा वर्ल्डलिङ फायर सेफ्टी सपोर्टमा हिटको प्रालि एवं हस्पिटल पार्टनरमा फन्टनाइन हस्पिटल रहेको नाडाले जनाएको छ ।

नाडाका अनुसार प्रदर्शनीको व्यवस्थापन ग्लोबल एक्सपोजिसन एन्ड म्यानेजमेन्ट सर्भिसेजले गरेको छ ।



**गौरा पुज्दै** : डडेल्धुरा अजयमेरु गाउँपालिका-१ मुद्राड गाउँमा गौरा पूजा गर्दै स्थानीय अग्रज महिला । सदियौँदेखि मनाउँदै आएको यस पर्वले शुख शान्ति र एकताको सन्देश दिन्छ भने गौरामाताको पूजा गर्नाले घरमा शुख शान्ति हुने जनविश्वास रहेको छ । तस्वीरः रासस



पूर्व–पश्चिम महेन्द्र राजमार्ग निजगढस्थित बकैयापुल हुँदै लागिएको फलामे विद्युतीय पोल कुनै बेला ढल्न सक्ने प्रबल सम्भावना बढेको छ। नेपाल विद्युत् प्राधिकरण वितरण उपकेन्द्र बढीमा १०० मिटरनजीकै छ। तस्वीरः जीतलाल श्रेष्ठ

# लम्पी स्किनबाट मरेका पशु चौपायाको क्षतिपूर्ति दिने कार्यविधि तत्काल टुङ्ग्याउन निर्देशन

काठमाडौं, ११ भदौ/रासस

देशभर पशु चौपायामा देखिएको लम्पी स्किन रोकबाट किसानलाई परेको असरको आकलन र त्यसको क्षतिपूर्तिका लागि तत्काल कार्यविधि बनाउन राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)ले निर्देशन दिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा बसेको एनडेकको ५१औं बैठकले तत्काल यस्तो कार्यविधि बनाउन कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको हो।

"लम्पी स्किन रोगबाट मरेका पशुचौपायाको क्षतिपूर्तिको विषय छिटो अगाडि बढाउने निर्णय भएको छ। यो रोगबाट किसानलाई पुगेको आर्थिक क्षतिको आकलन गरी क्षतिपूर्ति कसरी वितरण गर्ने भन्नेबारे तत्काल कार्यविधि बनाई पेश गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिइएको छ," एनडेकको निर्णयबारे जानकारी दिंदै राष्ट्रिय योजना आयोगका प्रवक्ता सुमन दाहालले भने, "क्षतिपूर्तिको विधि कस्तो बनाउने भनेर कृषि मन्त्रालयलाई खाका पेश गर्न भनिएको छ।"

विभिन्न पूर्वाधार आयोजनामा प्रभावकारी समन्वय हुन नसक्दा देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्न एनडेकले निर्देशन दिएको पनि दाहालले बताए। "हामीले बनाउने पूर्वाधारको युटिलिटी कोअर्डिनेशन पुगेको छैन भन्ने विषय एउटा एजेन्डा थियो। यसलाई समाधान गर्नका लागि के गर्न सकिन्छ भनेर सम्बन्धित निकायमार्फत सुझाव पेश गर्न भनिएको छ। तीन तहका सरकारबीच प्रभावकारी समन्वय हुन नसक्दाका समस्या समाधानका लागि पनि आवश्यक कदम चाल्ने निर्णय भएको छ," उनले बताए।

समानीकरण अनुदान बढाउनुपर्ने र सशर्त अनुदानको हिस्सा घटाउनुपर्ने भन्दै प्रदेश र स्थानीय तहले राख्दै आएका मागको विषय पनि एनडेकको बैठकमा छलफल भएको दाहालले जानकारी दिए।

त्यसैगरी, त्रिभुवन विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयबीच जनशक्ति समायोजन गर्ने तथा भौतिक पूर्वाधार र जग्गा व्यवस्थापनबारे अध्ययन गरी दुई महीनाभित्र पेश गर्न योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा कार्यदल गठन गरिएको छ।

त्यस्तै, जग्गाको खण्डीकरण रोक्नका लागि अपनाउनुपर्ने उपायबारे सुझाव दिन आयोगमा भूमि व्यवस्थापनसम्बन्धी क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा अर्को कार्यदल गठन



गरिएको छ। यो कार्यदललाई तीन महीनाभित्र प्रतिवेदन बुझाइसक्न भनिएको छ।

## मिश्र अवैतनिक स्वास्थ्य सल्लाहकार

प्रस, वीरगंज, ११ भदौ/

वीरगंज महानगरपालिका–३ छपकैया निवासी निरञ्जन मिश्र महानगरको अवैतनिक स्वास्थ्य सल्लाहकार नियुक्त भएका छन्।

नगरप्रमुख राजेशमान सिंहले सोमवार उनलाई महानगरको सरकारी/सामुदायिक अस्पताल र स्वास्थ्य संस्थाहरूको सरसफाइलगायतका अवस्था सुपरीवेक्षण, अनुगमन गर्न अवैतनिक स्वास्थ्य सल्लाहकार नियुक्त गरेका हुन्। मिश्रलाई नगरप्रमुखले आज अवैतनिक स्वास्थ्य सल्लाहकार नियुक्त गरिएको पत्र हस्तान्तरण गरेका थिए। मिश्र पेशाले पत्रकार हुन् र अहिले माई टिभीमा आबद्ध छन्।






# खेलकूदको संसार

## महावाणिज्य दूतावासको आयोजनामा खेलकूद प्रतियोगिता

प्रस, वीरगंज, ११ भदौ/

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासले भारतका महान् हकी खिलाडी मेजर ध्यानचन्द सिंहको जन्मजयन्तीको अवसरमा खेलकूद आयोजना गरेको छ।



तस्वीरः प्रतीक

महावाणिज्य दूतावासले भदौ ७ देखि भदौ १० गतेसम्म सातवटा खेलकूद कार्यक्रम आयोजना गरेको जनाएको छ। टेबलटेनिस, ब्याडमिन्टन, लेमन रेस, प्लाङ्क च्यालेन्ज र टग अफ वार गरी पाँचवटा खेल वीरगंजस्थित महावाणिज्य दूतावास परिसरमा सम्पन्न भएको थियो भने टेनिस रेड र क्रिकेट नारायणी रङ्गशालामा सम्पन्न भएको थियो।

मिल्खा सिंह, विश्वनाथ आनन्द, सुनील क्षेत्री र सचिन तेन्दुलकर गरी चारवटा टोलीमा सात–सात जना खिलाडी समावेश थिए। आन्तरिक प्रतियोगितामा तीन स्वर्ण र एउटा रजतसहित मिल्खा सिंहको टोली प्रथम भएको थियो र टोलीलाई महावाणिज्यदूत नितेश कुमारले मेजर ध्यानचन्द सिंह ट्रफी प्रदान गरेका थिए। सो अवसरमा उनले खेलकूदले शारीरिक तथा मानसिक विकासमा टेवा पुग्ने बताए। सातवटा प्रतियोगितामा २८ जना कर्मचारी सहभागी थिए।

## वर्षा बाधक बनेपछि नेपाल र थाइल्यान्डबीचको खेल रद्द

काठमाडौं, ११ भदौ/रासस

नेपाल र थाइल्यान्डको महिला टोलीबीच सोमवार भएको टी–२० अभ्यास खेल वर्षा बाधक बनेपछि रद्द भएको छ।

मलेशियाको बायोमास रङ्गशालामा टस जितेर पहिले ब्याटिङ रोजेको थाइल्यान्डले नेपाललाई जीतका लागि १२८ रनको लक्ष्य दिएको थियो। थाइल्यान्डका लागि कप्तान नथाकन चान्थमले सर्वाधिक ७८ रनको अविजित इनिङ खेलेकी थिइन्।

नेपालकी कविता कुँवरले दुई विकेट लिएकी थिइन् भने पूजा महतो, खुशी डङ्गोल, इन्दु बर्माले समान एक/एक विकेट लिएका थिए। उक्त विजयी लक्ष्य पछ्याएको नेपालले तीन बल खेल्दा वर्षा बाधक बनेपछि खेल रोकिएको थियो। सीता रानामगर शून्यमा रन आउट भएकी थिइन्।

नेपाल र थाइल्यान्डले आइसिसी महिला विश्वकप टी–२० एशिया क्षेत्र छनोटअघि खेलको उक्त अभ्यास खेल खेलेको हो। एशिया छनोट खेल यही भदौ १४ देखि २३ गतेसम्म मलेशियामा हुँदैछ।

एशिया छनोटमा विभिन्न ११ राष्ट्रको सहभागिता रहनेछ। नेपाल समूह 'ए'मा परेको छ। नेपालको समूहमा युएई, कतार, मलेशिया, भुटान र बहराइन छन्। त्यस्तै, समूह 'बी'मा चीन, हङकङ, कुवेत, म्यानमा र थाइल्यान्ड छन्।

प्रतियोगितामा फाइनल पुग्ने दुई टोलीले २०२४ मा ग्लोबल महिला टी–२० विश्वकप छनोट खेल्न पाउनेछन्। नेपालले आफ्नो उद्घाटन खेल ३१ अगस्तमा मलेशियासँग खल्नेछ।

# समाजवादी प्रेस सङ्गठनको स्थापना दिवस

प्रस, वीरगंज, ११ भदौ/

समाजवादी प्रेस सङ्गठन पर्सा शाखाले वीरगंजमा दीप प्रज्वलित गरेर आइतवार स्थापना दिवस मनाएको छ।

पर्सा शाखाले दोस्रो स्थापना दिवसको अवसरमा घण्टाघरमा दीप प्रज्वलन गरेको शाखा अध्यक्ष मनोज पटेलले बताए।

कार्यक्रमका प्रमुख अतिथि नेकपा (एकीकृत समाजवादी) पर्साका अध्यक्ष बालगोपाल थापाले सञ्चारकर्मीहरूलाई सत्यतथ्यमा आधारित भएर समाचार सम्प्रेषण गर्न सुझाए। उनले देश विकास, सुशासनका लागि पत्रकारहरूले सत्यतथ्य समाचार सम्प्रेषण गर्नुपर्ने बताए।

सो पार्टी वीरगंज महानगरका अध्यक्ष मनोज चौधरीले पत्रकारहरूको साथ र सहयोगबाट समाजवाद सम्भव भएको बताए।




तस्वीरः प्रतीक

शाखा अध्यक्ष पटेलको अध्यक्षतामा भएको कार्यक्रममा दलित मुक्ति सङ्गठन पर्साका अध्यक्ष सुशील हजरा, समाजवादी प्रेस सङ्गठनका केन्द्रीय सचिव बृजलाल पासवान, केस नीरज पिठाकोटे मगर, सङ्गठनका शम्भुकुमार सुमन, विनोद पटेल, हरिशङ्कर शर्मा, सन्तोष साह, सरोज पटेल, श्रवण साहलगायतको सहभागिता थियो।


## बालअधिकारप्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागीताको अधिकारको सुनिश्चित गरौ, गराऔं।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।
- बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## 'तत्काल धेरै भारी वर्षाको सम्भावना छैन'

काठमाडौं, ११ भदौ/रासस

तत्काललाई धेरै भारी वर्षाको सम्भावना नरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जानकारी दिएको छ। महाशाखाका मौसमविद् रोजन लामिछाने हल्कादेखि मध्यम वर्षाको सम्भावना कायमै रहेको र तत्काल भारी वर्षा वा लगातार वर्षाको सम्भावना भने नरहेको बताए। धेरै असर गर्ने खालको वर्षा तत्काल नहुने पनि उनले बताए।

लामिछानेका अनुसार अबको २४ घण्टामा देशका पहाडी भूभागका केही स्थानहरूमा र बाँकी भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। छिटफुट भारी वर्षा पनि हुन सक्ने उनले बताए।

पहाडी भूभागका क्षेत्रहरूबाट बहने नदीको जल सतह बढ्न सक्ने गेग्रान बहाव, बाढी, पहिरो, भूक्षयजस्ता प्रकोप हुन सक्ने भएकाले जनस्वास्थ्य, कृषि, दैनिक जनजीवन, सडक तथा हवाई यातायातमा हुन सक्ने असुविधा, जोखिम वा क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध भने गरेको छ।

हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरमा अवस्थित छ। आज कोशी प्रदेशमा सामान्य बदली रही बाँकी भूभागमा आंशिकदेखि सामान्य बदली भएको छ। कोशी, मधेस र लुम्बिनी प्रदेशका थोरै स्थानहरूमा हल्का वर्षा भएको छ।

आज राति देशभर आंशिकदेखि सामान्य बदली रहनेछ। कोशी, बाग्मती, लुम्बिनी र गण्डकी प्रदेशका थोरै स्थानहरूमा हल्का वर्षाको सम्भावना रहेको जनाइएको छ। भोलि भदौ १२ गते देशभर आंशिकदेखि सामान्य बदली रहनेछ। देशका पहाडी भूभागका केही स्थानहरूमा हल्कादेखि मध्यम वर्षा र बाँकी भूभागका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको जनाइएको छ।